का.जि.प्र.का.द.नं. १००/०५९/६०

३ साउन २०७९, मंगलबार

19 July 2022, Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक १६४ | पृष्ठ ८ — Madhyanha National Daily — www.madhyanhadaily.com

कांग्रेस बैठक

# शर्तसहित गठबन्धनको पक्षमा

कांग्रेसको केन्द्रीय समिति बैठकले आसन्न प्रदेश र संघीय चुनावमा सत्तागठबन्धनभित्रै गठबन्धन गर्ने निर्णय लिएको छ । तर, पाँचै बर्ष कांग्रेसले प्रधानमन्त्री पाउनुपर्ने शर्त राखिएको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २ साउन ।

नेपाली कांग्रेस पाँच दलीय सत्तागठबन्धनभित्रै आसन्न प्रदेश र संघीय चुनावमा चुनावी गठबन्धन गर्ने निर्णयमा पुगेको छ। तर, पाँचै बर्ष कांग्रेसले प्रधानमन्त्री पाउनुपर्ने शर्त रीखएको छ। सत्तारुढ घटक नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले आलोपालो प्रधानमन्त्रीको विषयमा एउटा बिन्दुमा उठ्ने बताएको केही दिनभित्रै कांग्रेसले चुनावी गठबन्धनका लागि शर्त तेर्साएको हो ।



कांग्रेसको निर्णयमा भनिएको छ, 'संविधानको रक्षा र लोकतन्त्रको थप सुदृढीकरणका गर्दै जननताको समुन्नतिको सपनालाई स्थिर सरकारमार्फत सम्बोधन गर्नका लागि केन्द्रीय समितिको यो बैठक सत्ता गठबन्धनमा रहेका दलहरुसँग संवाद गरी चुनावी तालमेल गरेर अघि बढ्ने निर्णय गर्दछ ।' यो निर्णय पार्टीलाई आसन्न प्रदेश र प्रतिनिधिसभामा प्रष्ट बहुमततर्फ लक्षित गराउनका लागि गरिएको नेताहरुको प्रष्टीकरण छ ।

तालमेल गर्दा संविधानको कार्यान्वयन, आर्थिक सामाजिक रुपान्तरण र वैदेशिक सम्बन्ध लगायतका विषयमा न्यूनतम साझा धारणा निर्माण गर्नुपर्ने भनिएको छ, 'तालमेल गरिरहँदा कांग्रेसको मुख्य नेतृत्वदायी भूमिका रहेको यथार्थ, सांगठिनक वस्तुस्थिति तथा पार्टी पक्ति एवं शुभेच्छुकको भावनालाई दृष्टिगत गर्दै गठबन्धनमा रहेका दलहरुसँग सम्वादमार्फत निष्कर्षमा पुग्ने निर्णय यो बैठक गर्दछ ।'

यावत तर्क गर्दै कांग्रेसले चुनावपछि बन्ने सरकार कांग्रेसको नेतृत्वमा हुनुपर्ने र पाँचै बर्ष कांग्रेसकै प्रधानमन्त्री रहनुपर्ने शर्त राखेको हो । निर्णयमा भनिएको छ, 'आम नेपाली जनतालाई पाँच वर्षमा स्थिर सरकारमार्फत जनताको जीवनस्तरमा गुणात्मक – बाँकी पृष्ठ २ मा

बाढीपहिरोबाट जोगिन

- जथाभावी सडक निर्माण र वन विनासले बाढीपहिरो निम्त्याउँछ ।
- वृक्षारोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं ।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भू-क्षय रोक्ने खालका विरुवा रोपौं र संरक्षण गरौं ।
- आफ्नो बस्ती तथा समुदायको रक्षा गरौं ।
- बाढी तथा पहिरो गएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं ।
- आफू पनि बचौं अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




साउनको पहिलो सोमबार तीर्थस्थल देवघाटमा स्नान गरेर शिवलिङ्गाको पूजा गर्दै श्रद्धालु । साउनको पहिलो सोमबार तीर्थस्थलमा स्नान गरेर शिवलिङ्गाको पुजा गरेमा सुख, शान्ति र समृद्धि पाने जनविश्वास रहिआएको छ । तस्बिर: रासस

# ५ न्यायाधीश पदमुक्त




**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २ साउन ।

५ जना न्यायाधीश पदमुक्त भएका छन् । सोमबार न्यायपरिषदले दुई जना न्यायाधीशलाई पदमुक्त गर्न सिफारिसमा गरेसँगै पछिल्लो १० दिनको अवधिमा ५ जना न्यायाधीश पदमुक्त भएका हुन्

न्याय परिषदले सोमबार उच्च अदालत महेन्द्रनगरका न्यायाधीश राकेशकुमार निधि र काठमाडौं जिल्ला अदालतका न्यायाधीश अनिलकुमार शर्मालाई पदमुक्त गर्न प्रधानन्यायाधीशसमक्ष सिफारिस गरेको हो ।

परिषद्का प्रवक्ता मानबहादुर कार्कीका अनुसार 'खराब आचरण गरेको र अनुचित प्रभावमा परेर फैसला गरेको आरोपमा छानबिन हुँदा दुवै न्यायाधीश दोषी पाइएकाले पदमुक्त गर्न सिफारिसमा परेका हुन् । दस दिनभित्र खराब आचरण र अनुचित प्रभावमा परेर फैसला गरेको भन्दै परिषद्ले ५ जना न्यायाधीशलाई पदमुक्त गर्नुलाई सकारात्मक सुधारको प्रयासका रुपमा लिनुपर्ने उनको भनाई रहेको छ ।

यसअघि उच्च अदालत जुम्लाका न्यायाधीश नसरुल्लाह अन्सारी र बर्दिया जिल्ला अदालतका न्यायाधीश लोकजंग शाहलाई पदमुक्त गर्न सिफारिसमा परेका थिए । उच्च अदालत तुलसीपुर बुटवल इजलासकी न्यायाधीश रेणुका साहलाई पनि बर्खास्तीमा परे ।

# वैदेशिक रोजगारीमा जानेको संख्या उच्च

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २ साउन ।

सरकारले स्वदेशमै रोजगारी दिने प्रतिबद्धता गर्दै आएपनि आर्थिक वर्ष २०७८/७९ मा वैदेशिक रोजगारीमा जानेको संख्या उच्च देखिएको छ । कोरोनापछि खुलेपछि वैदेशिक रोजगारीमा जान आवेदन दिने र विदेशिने संख्या उच्च देखिएको हो ।




वैदेशिक रोजगार बोर्डका तथ्यांक अनुसार, आव २०७६/७७ मा १ लाख ९० हजार ४ सय ५३ विदेशिएका थिए भने २०७७/७८ मा घटेर ७२ हजार ८१ पुगेको थियो । त्यस्तै, २०७८/७९ को तथ्यांक हेर्दा २ लाख २६ हजार ७ सय माथि नागरिक विदेशिएका छन् । कोरोनाले प्रत्यक्ष प्रभावमा परेको वैदेशिक रोजगारीको क्षेत्र यथावत् अवस्थामा फर्किएको वैदेशिक रोजगार बोर्डका प्रमुख राजन प्रसाद श्रेष्ठको भनाई छ ।

'अहिले वैदेशिक रोजगारीमा जानका लागि आवेदन दिनेको संख्या कोरोना नआउँदैको अवस्थामा फर्किसकेको छ, तर, विदेशी श्रमबजारमा कामदारको मागमा भने कमी आएको देखिन्छ,' प्रमुख श्रेष्ठले भने । उनले वैदेशिक रोजगारीबाट फर्किएका युवाहरुको पुनरुत्थापनाका लागि पुर्नएकीकरण र स्थानीय निकायसँगको समन्वयमा विभिन्न प्रभावकारी कार्यक्रम सञ्चालन गराउने तयारी भएको पनि जनाएका छन् ।

नेपालबाट सबैभन्दा बढी मलेसियामा ३०.०९ प्रतिशत, कतार २७.४, साउदी अरब २०,१८, युएई १३.११, कुबेत ३,२५, बहराइन १.१९ क्रोमन ०.८१, दक्षिण कोरिया ०.९, लेवनान ०.२९ इजरायल ०.१५ अफगानिस्तान ०.२८ जापान ०.४२ र अन्य १.८४ प्रतिशत नेपालीहरु दरले विभिन्न मुलुकहरूमा कार्यरत छन् ।

विदेशबाट फर्किएका युवाहरुको सीप र ज्ञानलाई प्रयोग गर्न सरकार थप लाग्नुपर्ने वैदेशिक रोजगारका विज्ञ डा. केशब बस्याल बताउँछन् । 'हामीले अझैपनि कोरोनाका कारण फर्किएका युवाहरुको व्यवस्थापन गर्न सकेका छैनौं, जसले गर्दा दिनहुं युवाहरु बाहिरिएका छन्, अब युवालाई देशमै रोक्ने वातावरण पनि बनाउनु जरुरी छ,' विज्ञ वस्यालले भने ।

युवालाई स्वदेशमै रोजगारी प्रदान गर्न प्रधानमन्त्री रोजगार कार्यक्रमको चुस्त कार्यान्वयन, विदेशबाट सीप सिकेकोलाई प्रमुख प्राथमिकता, कर्जामा सहुलियत, स्थानीय तहसँग समन्वय, वैदेशिक रोजगारीका लागि विभिन्न मुलुकहरुसँग पहल र सामाजिक सुरक्षा प्रदान गराउनुपर्ने सुझाव पनि दिएका छन् ।

सरकारले स्वदेश फर्किएका युवाहरुको लागि लागि व्यावसायिक तथा वैज्ञानिक कृषिखेतीका लागि आवश्यक कानून तथा भौतिक पूर्वाधारको निर्माण गर्ने, वैदेशिक रोजगारीबाट फर्केकाहरूलाई कृषिमा आधारित लघु तथा साना उद्यमका लागि सहुलियत कर्जा सहज रूपमा उपलब्ध गराउने र निजीक्षेत्रलाई समेत विश्वासमा लिई कृषि क्षेत्रमा सफलता हासिल गर्नुपर्ने सरोकारवालाको सुझाव छ। साथै सरकारले श्रम भन्दा पनि उत्पादन बेच्ने वातावरण बनाईदिए आफूहरुलाई पनि सहज हुने श्रमिकहरुको भनाई छ। तर, सरकारले युवालाई स्वदेशमा भन्दा विदेशतर्फ बढी प्रोत्साहन गर्दा लाखौं संख्यामा युवा श्रमिकहरु बाहिरिने क्रम बढेको छ ।

# म्यानपावर कार्यालयमा हुलहुज्जत गर्ने दुई जना पक्राउ

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ साउन

काठमाडौंको महाराजगञ्जस्थित नासा ह्युमन रिसोर्स प्रा.लि.मा युट्युबर लिएर हुलहुज्जत गर्ने दुई जना पक्राउ परेका छन् । आफूलाई दर्ता नै नभएको बिगेस्ट म्यानपावर प्रा.लि.को एजेन्ट बताउने इलामका सुरेनकुमार योङ्हाङ्ग र उदयपुरका प्रकाश तामाङलाई प्रहरी वृत्त महाराजगञ्जले काठमाडौंबाट गत शनिबार पक्राउ गरेको हो ।

प्रहरीले उनीहरूविरुद्ध जिल्ला अदालत काठमाडौंबाट साउन ५ गतेसम्म म्याद थपको अनुमति लिएर अभद्र व्यवहारसम्बन्धी अभियोगमा अनुसन्धान गरिरहेको छ । गत जेठ १५ गते महाराजगञ्जमा रहेको नासा ह्युमेन रिसोर्स प्रा.लि.भित्र छिरेर तोडफोड तथा दुर्व्यवहार गरेको भन्दै सञ्चालक युवराज गुरुङले युट्युबर कुशल खत्रीसहित चार जनाविरुद्ध उजुरी दिएपछि महाराजगञ्ज प्रहरीले उनीहरूमाथि अनुसन्धान शुरू गरेको थियो ।



कार्यालयमा अनधिकृतरूपमा प्रवेश गरी हुलहुज्जत गर्ने मध्येका क्राइम टीभी च्यानलका युट्युबर पोखरा लामाचौरका कुशल खत्री र आफूलाई म्यानपावर पीडित युवाहरूको प्रतिनिधि बताउने सुर्खेत दशरथपुरका रत्नबहादुर अधिकारीसहित दुई जना अझै पक्राउ नपरेको गुरूङले जानकारी दिए ।

आफ्नो कम्पनीले लाखौं रूपैयाँ खर्च गरेर साउदी अरबबाट नेपाल फर्काएको युवाहरूलाई युट्युबरसहितको समूहले विमानस्थलबाटै भड्काएर आफ्नो कार्यकक्षभित्र तोडफोड तथा दुर्व्यवहार गरेको गुरूङले बताए । त्यस विषयमा सञ्चालक गुरुङले सीसीटीभी फुटेजसहित प्रहरीकोमा उजुरी दिएका थिए ।

अनधिकृतरूपमा म्यानपावर कम्पनी प्रवेश गरी हुलहुज्जत गरेको घटनाको केही दिनपछि क्राइम टीभी युट्युबका सञ्चालक खत्रीले भिडियो सम्पादन गरी आफ्नो चरित्र हत्या हुने गरी प्रशारण गरेको गुरुङको भनाइ छ। त्यसबारे आफुले प्रेस काउन्सिल नेपाल, सूचना विभाग र नेपाल पत्रकार महासंघमा समेत जानकारी गराएर छानविन र कारबाहीका लागि माग गरेपछि समाचारको विषयमा काउन्सिलले अनुसन्धान गरिरहेको र कम्पनीमा भएको तोडफोड, दुर्व्यवहार तथा महिला कर्मचारीमाथिको अभद्र व्यवहारको छानविन प्रहरीले गरिरहेको गुरुङले जानकारी दिए ।

वैदेशिक रोजगार विशेष

## प्रधानमन्त्रीको फोटो नरुचाउने राजदूत !

**क्वालालम्पुर, मलेसिया/मस–** स्वदेशका सरकारी कार्यालय तथा विदेशस्थित कुटनैतिक नियोगहरूमा राष्ट्र प्रमुख तथा सरकार प्रमुखको तस्वीर अनिवार्य नै गरिएको छ। कार्यालय प्रमुखहरूले आफ्नो कार्यकक्षमा दायाँतर्फ राष्ट्रपति तथा बायाँपट्टी सरकार प्रमुख प्रधानमन्त्रीको तस्वीर राख्ने व्यवस्था प्रचलनकै रूपमा छ।

तर मलेसियाको क्लालम्पुरस्थित नेपाली दूतावासमा नेपालका सरकारी कार्यालय तथा विदेशस्थित कुटनैतिक नियोगहरू भन्दा पृथक शैली देखिएको छ। दूतावासमा राष्ट्रपति विद्यादेवी भण्डारीको तस्वीर राखे पनि प्रधानमन्त्री – बाँकी पृष्ठ २ मा

कर्मचारी आवश्यकता

यस मेनपावर कम्पनीको लागि निम्न कर्मचारी आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।

Receptionist - (Female) 2 Nos
Documentation - (Female) 2 Nos

- कम्तीमा मेनपावर फिल्डमा २ वर्षको अनुभव भएको हुनुपर्नेछ ।
- सम्बन्धित काममा दक्ष तथा अंग्रेजी राम्रो हुनुर्पेछ ।

तलब आपसी सम्झदारीमा

निम्बस ह्युमन रिसोर्स प्रा. लि. श्रम इजाजत नं.: ७५४/०६४/०६५
जि.पि.ओ. ब.नं. २६३१७, सामाखुसी-२६, काठमाण्डौ, नेपाल, फ्याक्स : ४३५७१९५
Tel: 4380499/4380504 Email : info@nimbushr.com
Mobile : 9851170002/9851023367/9851090878

# मुक्त कमैयाको समस्या समाधान गर्न प्रधानमन्त्रीको निर्देशन



**काठमाडौं/मस–** प्रधानमन्त्री शेरबहादुर देउवाले मुक्त कमैयाको समस्या पहिचान गरेर समाधानका उपाय खोज्न निर्देशन दिएका छन् ।

कमैया मुक्त घोषणाको २२ वर्ष पुगेका अवसरमा काठमाडौंमा आयोजित कार्यक्रममा प्रधानमन्त्री देउवाले यस प्रकारको कुप्रथालाई निर्मूल पार्नका लागि जरुरी भएकाले आवश्यक प्रक्रिया अगाडि बढाउन भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई निर्देशन दिएका हुन् ।

प्रधानमन्त्री देउवाले हरुवाचरुवालगायत कमैया श्रमिकको मुक्तिका साथसाथै तिनका परिवारका लागि रोजगारीको अवसरको सिर्जना गरी आयआर्जन बढाउने कार्य पनि उत्तिकै आवश्यक रहेको भन्दै त्यसतर्फ ध्यान दिन सम्बन्धित सबैलाई आग्रह गरे ।

कार्यक्रममा उनले भने, 'मुक्तकमैयालाई आत्मनिर्भर बनाउँदै उनीहरुको स्वतन्त्रता, स्वाभिमान र आत्मसम्मान बढाउन तीनवटै तहका सरकार र सरोकारवाला प्रतिबद्ध हुन आवश्यक छ ।' यस किसिमको श्रमिक परिवारको दिगो सामाजिक आर्थिक उन्नतिका लागि सीप र क्षमता विकास गर्दै उनीहरुलाई आत्मनिर्भर बनाउन र उद्यमशीलता बढाउन विशेष लक्षित कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गर्न पनि सम्बद्ध सबै निकायलाई प्रधानमन्त्रीले निर्देशन दिए ।

कमैया प्रथा निषेध गर्नेसम्बन्धी ऐन विसं २०५८ मार्फत हरुवाचरुवालगायत सबै किसिमका कमैया श्रमिक परिवारको असमान श्रम सम्बन्ध र शोषणयुक्त प्रथाको अन्त्य तथा ऋण मोचन गरिसकेको पनि कार्यक्रममा प्रधानमन्त्रीले जानकारी गराए । सबै किसिमका शोषण, विभेद र अन्यायमुक्त नेपाल निर्माणमा सबैको निरन्तर प्रयास आवश्यक रहेको भन्दै उनले सबैप्रति आग्रह गरेका छन् ।

# नागरिकता विधेयक चाँडो पारित गर्न सांसदको माग



**काठमाडौं/मस–** राष्ट्रियसभाका सांसदहरुले नागरिकतासम्बन्धी विधेयक जतिसक्दो चाँडो पारित गर्नँपर्ने माग गरेका छन् । सभाको सोमबारको बैठकको शुरुमै दलीय आधारमा बोल्दै नेकपा एमालेका सांसद खिमलाल भट्टराइले भने, 'नागरिकताको विषय धेरै गम्भीर विषय हो, यसलाई द्रुत गतिबाट छिटो टुङ्ग्याउनुपर्छ, राष्ट्रिय सभाबाट छिटोभन्दा छिटो पास गर्नँपर्छ, सरकार यसमा गम्भीर बन्नैपर्छ ।' सबै राजनीतिक पार्टीको राजनीतिक यात्रा विकासको निम्ति हुनुपर्नेमा जोड दिँदै उनले पछिल्लो समयमा बढ्दै गएको महँगीको अन्त्य गर्नँपर्ने माग गरे । सङ्घीयतालाई बलियो बनाउनेभन्दा पनि कमजोर बनाउने गरी सरकारले गतिविधि गरिरहेको उनले टिप्पणी गरे ।

रुपन्देहीको तिलोत्तमा नगरपालिकामा आइतबार भएको घटनाबारे आपत्ति जनाउँदै उनले त्यसबारे गृहमन्त्रीको जवाफ माग गरे । उनले सार्वजनिक लेखा समितिको सभापति आफैँले लेखापरीक्षण गरेको भन्दै राजीनामाको माग गरे ।

नेकपा माओवादी केन्द्रका सांसद बिना पोखरेलले नागरिकता विधेयक राष्ट्रियतासँग जोडिएको संवेदनशील विषय भएको जनाउँदै नागरिकतासम्बन्धी विधि सरल भए पनि नीति कठोर हुनुपर्ने धारणा व्यक्त गरिन् । उनले भनिन्, 'नागरिकताको विषयमा छिमेकी मुलुकको गरेको कानुनी व्यवस्था र प्रयोगलाई पनि हेरिनु पर्दछ, नागरिकता प्रदान गर्ने विधि सरल तर नागरिकतासम्बन्धी हाम्रो नीति भने कठोर हुनुपर्दछ ।' नेपाली कांग्रेसका सांसद जीतेन्द्रनारायण देवले नेपालको परराष्ट्र नीति प्रष्ट र एकरुपता हुनुपर्नेमा जोड दिए । उनले एमसिसीका बारेमा भएका टिका टिप्पणीबारे सरकारको प्रष्ट धारणा बन्नुपर्ने धारणा राखे ।

# उपत्यकाको ट्राफिक व्यवस्थापनलाई थप व्यवस्थित बनाइने

**काठमाडौं/मस–** ट्राफिक प्रहरीले काठमाडौं उपत्यकाको सवारी पार्किङलाई व्यवस्थित बनाउन अन्डरग्राउण्ड पार्किङभित्र रहेको डिस्को, सोरुम, क्यान्टिन, पसल, राहदानी वितरण, गोदामलगायत हटाउने भएको छ ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले सोमबार पत्रकार सम्मेलन गरी काठमाडौं उपत्यकाको सवारी आवागमनलाई सुरक्षित, मर्यादित, व्यवस्थित र प्रविधियुक्त बनाउनका लागि सरोकारवाला निकायको सहयोगमा अन्डरग्राउण्डभित्रका संरचना हटाउन लागेको बताएको हो ।

पत्रकार सम्मेलनमा कार्यालयका प्रवक्ता, प्रहरी उपरीक्षक सञ्जिव शर्मा दासले सवारी पार्किङ गर्ने अन्डरग्राउण्ड पार्किङभित्र डिस्को, सोरुम, क्यान्टिन, पसल, राहदानी वितरण, गोदामलगायत संरचना बनाउन उपत्यकाको ट्राफिक व्यवस्थापनमा असहजता आएको बताए । उनले भने, 'सडकमा पार्किङ भएका सवारी साधन अण्डरग्राउण्डमा लगेर पार्किङ गर्दा सवारी व्यवस्थापनमा सहयोग पुग्नेछ, हामी सरोकारवाला निकायको सहयोगमा अन्डरग्राउण्ड पार्किङलाई व्यवस्थित गर्नेछौं ।'

ट्राफिक प्रहरीले फुटपाथ व्यवस्थापन, ट्राफिक प्रहरीको व्यवहार तथा आचरण सुधारका लागि ट्राफिक प्रहरीलाई



अनुशासनसम्बन्धी कक्षा, काठमाडौं उपत्यकाभित्र भत्किएका खाल्डाखुल्डी मर्मत सम्भारका लागि सम्बन्धित निकायसँग सहकार्य गर्ने, लेन अनुशासनलाई कडाइ गरिने तथा हर्न निषेधलाई थप कडाइ गर्ने प्रवक्ता दासले बताए ।

पत्रकार सम्मेलनमा कार्यालय प्रमुख, प्रहरी नायब महानिरीक्षक मीरा चौधरीले चक्रपथ वरपर जथाभावी रूपमा पार्किङ भएका सवारी साधनलाई सम्बन्धित निकायको सहकार्यमा व्यवस्थित गरिने बताए । उनले भने, 'सवारी साधन बढ्दा र सडक नबढ्दा काठमाडौं उपत्यकाको ट्राफिक व्यवस्थापनमा थप चुनौती बन्दै गएको छ, यसलाई व्यवस्थित गर्नका लागि ट्राफिक प्रहरी अहोरात्र खटिरहेको छ ।'

ट्राफिक कार्यालयले उपत्यकाको ट्राफिक व्यवस्थापनलाई थप राम्रो बनाउनका लागि २२ स्थानमा २४ घण्टे ड्युटी, ३२६ स्थानमा अस्थायी ड्युटी, ९३ स्थानमा पिक आवर ड्युटी, २६ मोबाइल कारबाही टोली, ४० स्थानमा दैनिक तीन घण्टा सवारी चेकिङ, ३६ स्थानमा जनपद प्रहरीसँग संयुक्त चेकिङको व्यवस्था मिलाएको छ ।

महाशाखाले आर्थिक वर्ष २०७८/०७९ मा ट्राफिक नियम उल्लङ्घन गर्ने पाँच लाख चार हजार ५९७ सवारी साधनलाई कारबाही गरी रु ३३ करोड १३ लाख ६८ हजार २१८ राजस्व सङ्कलन गरेको छ ।

सोही आवमा ट्राफिक कार्यालयले लेन अनुशासन पालना नगर्ने १३ हजार ८९३, मादक पदार्थ सेवन गरी सवारी चलाउन ३३ हजार ५९०, रातो बत्तीको पालना नगर्ने १८ हजार ९८४ र तीव्र गतिमा चलाउने १८ हजार ४४७ सवारी साधनलाई कारबाही गरेको छ । कार्यालयले अव्यवस्थितरूपमा फुटपाथमा पार्किङ गर्ने ४१ हजार ९०५ सवारी साधनलाई कारबाही गरेको छ ।

काठमाडौं उपत्यकाभित्र भाडा ठगी गर्ने तथा अनियमितता गर्ने १० हजार २९५ सवारी साधनलाई कारबाही गरिएको प्रवक्ता दासले बताउनुभयो । सोही आवमा कार्यालयले प्रविधिको क्षेत्रमा विकास गरेको छ । पहिले ट्राफिक प्रहरी कार्यालयबाट मात्र लिने कागजपत्र लिने ठाउँ अहिले विस्तार गरी ३० स्थानबाट कागजपत्र लिने व्यवस्था मिलाएको हो ।

# फुटसल खेलेर मनायो बागमती प्रदेशले इन्जिनियर दिवस



**काठमाडौं/मस–** नेपाल इन्जिनियरिङ एशोसिएसन, बागमती प्रदेशले आफ्ना् ६० औं इन्जिनियर दिवसको उपलक्ष्यमा विविध कार्यक्रम गरी मनाएको छ ।

एशोसिएसनको प्रदेश कमिटीले नेईए बागमती प्रदेशको पहल, इन्जिनियर भ्रातृत्व तथा स्वास्थ्यको लागि फुटसल भन्ने नाराका साथ फुटसल प्रतियोगिताको आयोजना गरेको थियो ।

एशोसिएसनको बागमती प्रदेशभित्र रहेका विभिन्न इन्जिनियरिङसँग सम्बन्धित ४७ वटा संस्थाहरुले फुटसलमा भाग लिएका थिए । प्रतियोगितामा इगल सोसुसनले पहिलो स्थान प्राप्त गरी ४० हजार नगद, शिल्ड र प्रमाणपत्र हात पारेको थियो भने दोस्रो हुने महारुद्र केयुले २० हजार नगद, शिल्ड र प्रमाणपत्र प्राप्त गरेको थियो। प्रतियोगितामा केईसी अल्मुनाईले तेस्रो स्थानमा चित्त बुझाई १० हजार नगद, शिल्ड र प्रमाणपत्र पाएको थियो। प्रतियोगितामा केईसी अल्मुनाईका बुद्धिहिरा पौडेलले सर्वाधिक १२ गोल हानेका थिए भने महारुद्र केयुका रफिम श्रेष्ठ उत्कृष्ट गोलकिपरमा छनौट भएका थिए । प्रतियोगिता भरीकै उत्कृष्ट खेलाडी भने इगल सोलुसनका नागेन्द्र महतरा भएको आयोजक कमिटीका सदस्य इन्जिनियर तथा एशोसिएसनका सदस्य गौरब पौडेलले जानकारी दिए ।

विजयी प्रतियोगीहरुलाई बागमती प्रदेशका संस्कृति तथा पर्यटन मन्त्री दिपेन्द्र श्रेष्ठले पुरस्कार वितरण गरेका थिए । पुरस्कार वितरण समारोहमा मन्त्री श्रेष्ठले यस्ता प्रतियोगिताहरुले भाइचारा अभिवृद्धि भई पेशागत समस्याहरु हल गर्नका लागी सहयोग हुने बताए । उनले आगामी दिनहरुमा पनि यस्ता कार्यक्रमहरु आयोजना गरेर इन्जिनियरहरुको संगठनलाई मजबुत बनाउन आग्रह गरे ।

कार्यक्रममा सभापति एशोसिएसन बागमती प्रदेशका अध्यक्ष रोहिणी पौडेलले खेलकुदको माध्यमबाट इन्जिनियरहरुलाई एकत्रित गर्ने प्रयास गरेको बताए । उनले प्रतियोगितामा सहभागिता हेर्दा आफु उत्साहित भएको बताउदै आगामी दिनमा पनि यस्ता कार्यक्रमहरुलाई निरन्तरता दिदै इन्जिनियरहरुलाई एक ढिक्का बनाउदै लाने प्रतिबद्धता व्यक्त गरे ।

पुरस्कार वितरण कार्यक्रम संचालन एसोसिएसनका सचिव दिनेश न्यौपानेले गरेका थिए । असार ३१ देखि साउन १ गतेसम्म तीन दिनसम्म भएको प्रतियोगितामा इम्पिरिकल इन्जिनियरिङ कन्सल्टटेन्सी, भूमी इन्जिनियरिङ कन्सोट्युम, स्वोथ ल्याब, टिम नेपाल, टेस्लाटेक लगायतका संस्थाहरुले सहयोग गरेका थिए ।

# वन क्षेत्रमा तस्करी गर्ने ६१ जना पक्राउ

**चितवन/मस–** राष्ट्रिय वन क्षेत्रमा वन पैदावार तस्करी गर्ने ६१ जना पक्राउ परेका छन् । गत आर्थिक वर्षमा वन पैदावारका ४१ मुद्दामा ८३ जना संलग्न रहेको पाइएकामा ६१ जनालाई पक्राउ गरिएको हो ।

डिभिजन वन कार्यालयका अनुसार अन्य २२ जना फरार रहेका छन् । पक्राउ परेकालाई वन ऐनअनुसार कारबाही शुरु गरिएको छ । यस्तै वन्यजन्तु चोरी सिकारी मुद्दामा दुई जना पक्राउ परेको कार्यालयका सूचना अधिकारी बालकृष्ण खनालले जानकारी दिए ।

खनालका अनुसार पक्राउ परेका व्यक्तिबाट सालको गोलिया ५११ दशमलव ४१ क्यूफिट, चिरान काठ ६७२ दशमलव चार क्यूफिट रहेको छ । यस्तै चाप चिरान काठ ४० दशमलव १७ क्यूफिट, उत्तिस ३५ दशमलव ५६ क्यूफिट, चिलाउने नौ क्यूफिट काठ बरामद् गरिएको उनले जानकारी दिए ।

आर्थिक वर्ष २०७७/७८ मा वन पैदावार चोरीमा ३७ र वन्यजन्तुका मुद्दा आठ दर्ता भएका थिए । डिभिजन वन कार्यालयले ५७ हजार ६५० हेक्टर क्षेत्रफलको वन हेर्दै आएको छ । यसमा बरडाभार क्षेत्रमा १० हजार ३०२ हेक्टर क्षेत्रफल पर्दछ । खनालका अनुसार बरण्डाभार क्षेत्रमा बढीमात्रामा चोरी हुने गरेको छ ।

यस्तै राप्ती र खैरहनी नगरपालिका क्षेत्रबाट समेत बन पैदावार चोरीतस्करी हुने गरेको कार्यालयले जनाएको छ । कार्यालयले गत आर्थिक वर्षमा रु तीन करोड ६९ लाख छ हजार राजश्व सङ्कलन गरेको छ । कार्यालयले गत आर्थिक वर्षमा दुई लाख ५० हजार बिरुवा उत्पादन गरी वितरण गरेको छ । खनालका अनुसार बिरुवा असार १४ गतेदेखि वितरणको प्रक्रिया सुरु गरिएको हो । शीतल चिनी, तेजपात, हर्रो, बर्रो, बेल, धुपी, अमला कपुर जस्ता ३९ प्रजातिका बिरुवा वितरण गरिएको उनले जानकारी दिए । अहिलेसम्म ६५ प्रतिशत वितरणको काम सम्पन्न भइसकेको छ । अन्य बिरुवा वितरणको काम जारी रहेको कार्यालयले जनाएको छ ।

## प्रशिक्षण प्रतिष्ठान ऐन संशोधनसम्बन्धी विधेयकमाथि छलफल

**सुदूरपश्चिम/मस–** सुदूरपश्चिम प्रदेशसभाको सोमबारको बैठकमा 'सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७७' लाई संशोधन गर्न बनेको विधेयकमाथि छलफल भएको छ ।

छलफलमा भाग लिने प्रदेशसभाभ सदस्यले अहिलेसम्म बनेका ऐनको कार्यान्वयनको पक्ष कमजोर रहेको भन्दै त्यसतर्फ सदन र सरकार सचेत हुनुपर्ने बताए । उनीहरुले ऐन बनेको एक वर्षभित्र यसलाई संशोधन गर्नुपर्ने अवस्था आउनुमा विधेयकको मस्यौदा बनाउँदा नै कमीकमजोरी देखिएको बताए । छलफलमा लालबहादुर खड्का, भरतबहादुर खड्का र अक्कलबहादुर रावलले भाग लिएको थिए ।

यसअघि सामाजिक विकास राज्यमन्त्री टेकबहादुर रैका आउजीले 'सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७७ लाई संशोधन गर्न बनेको विधेयक' माथि छलफल गरियोस् भन्ने प्रस्तावलाई बैठकले सर्वसम्मतिले स्वीकृत गरेको थियो । बैठकमा आर्थिक मामिलामन्त्री प्रकाश रावलले प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई सभासमक्ष टेबुल गरेका थिए ।

# ब्राउन सुगरसहित दुई जना पक्राउ

**झापा/मस–** लागूऔषध ब्राउन सुगरसहित दुई जना पक्राउ परेका छन् । पक्राउ पर्नेहरूमा इलामको फाकफोकथुम-१ का २७ वर्षीय प्रकाश गुरुङ र पाँचथर जिल्ला फिदिम नगरपालिका-८ का २१ वर्षीय लक्ष्मान तामाङ रहेको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक वसन्त पाठकले जानकारी दिए । उनीहरुलाई प्रहरीले झापाको मेचीनगर-६ स्थित काँकडभिट्टाबाट सोमबार बिहान पक्राउ गरेको हो ।



इलाका प्रहरी कार्यालय काकडभिट्टा र लागूऔषध नियन्त्रण ब्यूरो काँकडभिट्टाबाट खटिएको प्रहरी टोलीले भारतबाट नेपालतर्फ आउँदै गरेका उनीहरूको साथबाट १४ ग्राम ब्राउन सुगर बरामद गरेको हो । ब्राउन सुगरसहित पक्राउ परेका दुबै जनालाई इलाका प्रहरी कार्यालय काँकडभिट्टामा राखेर थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

## कांग्रेस...

सुधार ल्याउने स्पष्ट कार्यक्रमको खाकासहित आमनिर्वाचनमा नेपाली कांग्रेस प्रस्तुत हुनुपर्दछ भन्ने ठहर यो बैठक गर्दछ ।'

वाम एकताको समेत प्रयास भइरहेका बेला कँग्रेसले तालमेलका लागि पाँचै वर्ष प्रधानमन्त्रीमा दाबी गरेको हो । यसबाट गठबन्धनमा रहेका नेताहरु झस्किएका छन् । तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीले दुई-दुई पटकसम्म प्रतिनिधिसभा विघटन गरेपछि अहिलेको पाँच दलीय सत्ता गठबन्धनको निर्माण भएको हो । गठबन्धनमा तत्कालिन नेपाल कम्युनिस्ट पार्टी (नेकपा) एकता भंग भएपछि ब्युतिएको नेकपा माओवादी केन्द्र, एमाले फुटेर बनेको नेकपा एकीकृत समाजवादी पार्टी छन् । जनता समाजवादी पार्टी (जसपा) राष्ट्रिय जनमोर्चा पनि गठबन्धनमा सामेल छन् । गठबन्धनमा रहेका दलहरुसँग कुरै नगरी कांग्रेसको केन्द्रीय समिति बैठकले आगामी चुनावपछि बन्ने सरकारको नेतृत्वमा पाँचै बर्ष दाबी गरेको छ ।

## प्रधानमन्त्रीको ...

शेरबहादुर देउवाको तस्वीर राखिएको छैन ।

गत वर्ष असोज ५ गते बसेको मन्त्रिपरिषद्को बैठकले पूर्व प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले राजनीतिक भागबण्डाको आधारमा नियुक्त गरी पठाएका १२ जना राजदूत फिर्ता बोलाउँदा मलेसियाका राजदूत पाण्डे स्वदेश फर्केका थिए । त्यसयता दूतावास डेपुटी चिफ अफ मिसन मोतीबहादुर श्रीसको नेतृत्वमा चलिरहेको छ । श्रीस कार्यवाहक राजदूतका रुपमा रहेका छन् ।

मलेसियाको विश्मम प्याराडाईज जलान आङपाङमा नेपाली दूतावास रहेको छ। काम विशेषले दूतावास पुग्ने र डेपुटी चिफ अफ मिसन श्रीसको कार्यकक्षमा पुग्ने नेपालीहरू दूतावासमा प्रधानमन्त्री देउवाको तस्वीर नदेखेपछि मानमा अनेक कौतुहलता राख्दै फर्किने गरेका छन् ।

सर्वोच्च अदालतको आदेशपछि जिम्मेवारी सम्हालेका प्रधानमन्त्री देउवाले कार्यकालको एक वर्ष पूरा गरिसकेका छन् । श्रीस तत्कालीन परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीको पालामा मलेसिया गएका हुन् ।

दूतावासमा प्रधानमन्त्रीको तस्वीर नराख्ने श्रीसको व्यवहारलाई कतिपयले तत्कालीन सरकारसँग उनको निकटताको सोच र सोही अनुसारको व्यवहार भन्दै टिप्पणी समेत गर्ने गरेका छन् । यस विषयमा प्रतिक्रिया लिने मध्यान्हको प्रयास भने टेलिफोन सम्पर्क हुन नसक्दा सफल भएन ।

# ६० प्रतिशत रोपाइँ सम्पन्न

**काठमाडौं/मस–** देशभर ६० प्रतिशत धान रोपाइँ सम्पन्न भएको छ । गत वर्ष असारमा ७६ प्रतिशत रोपाइँ भएकामा यसवर्ष ६० प्रतिशत मात्र रोपाइँ भएको कृषि तथा पशुपक्षी विकास मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका सहसचिव एवं प्रवक्ता प्रकाशकुमार सञ्जेलका अनुसार गत वर्षको तुलनामा करिब आठ प्रतिशतको हाराहारीमा कम रोपाइँ भएको देखिएको हो ।

विशेषगरी प्रदेश नं १, मधेश प्रदेश र लुम्बिनी प्रदेशमा मनसुन शुरु हुन ढिला भएका कारण रोपाइँ कम भएको हो । रोपाइँको तथ्याङ्क प्रदेशसँगको समन्वयमा तयार पारिएको मन्त्रालयले जनाएको छ।

मनसुन शुरु हुनासाथ साउन दोस्रो सातासम्म सामान्य हिसाबले ती प्रदेशमा रोपाइँ हुने मन्त्रालयले जनाएको छ । रोपाइँमा मलको अभाव भएकाले उत्पादनमा त्यसको केही असर पर्ने देखिएको छ । हालसम्म मन्त्रालयले विगत वर्षमा जस्तै लगभग शतप्रतिशत रोपाइँ हुने अनुमान गरेको छ ।

## बढ्न थाल्यो कोरोना संक्रमण दर

# ४५७ संक्रमित, एकको मृत्यु

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ साउन



देशभर सोमबार थप ४५७ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ भने एक जनाको संक्रमणका कारण मृत्यु भएको छ ।

चार हजार ६५१ जनाको नमूना परीक्षण गरिएको थियो । दुई हजार ३४१ जनाले पिसीआर र दुई हजार ३१० जनाको एन्टिजिन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

सो अवधिमा ४८ कोरोना भाइरसबाट संक्रमणमुक्त भएका छन् । यससँगै संक्रमण मुक्त हुनेको संख्या नौ लाख ६८ हजार ६४ पुगेको छ । संक्रमणमुक्त हुने दर ९८ दशमलव छ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

सोमबार ९८ हजार ९०० ले कोभिड विरुद्धको खोप लगाएका छन् । हाल सक्रिय संक्रमितको संख्या एक हजार ७७६ रहेको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ९५४ पुगेको छ । होम आइसोलेशनमा एक हजार ७०१, संस्थागत आइसोलेशनमा ७५, आइसियु १५ र भेण्टिलेटरमा एक संक्रमित रहेका छन् ।

हाल ५०० भन्दा बढी सक्रिय संक्रमित भएका जिल्लामा काठमाडौं रहेको छ । शून्य संक्रमित रहेका जिल्लामा ताप्लेजुङ, मनाङ, मुस्ताङ, जाजरकोट, कालीकोट, मुगु, बाजुरा र डढेलधुरा रहेका छन् । उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौंमा एक हजार १३, ललितपुर ९२ र भक्तपुरमा २८ सक्रिय संक्रमित रहेको मन्त्रालयले जनाएको छ । कुल संक्रमण दर १७ प्रतिशत रहेको छ ।

**यसकारण उकालो लाग्दैछ संक्रमणको ग्राफ**

कोरोना भाइरसको संक्रमण एक हप्तादेखि उकालो लागेको छ । गत असार २६ गते पहिलो पटक १०० भन्दा बढी रहेको संक्रमितको संख्या सोमबारसम्म आइपुग्दा संक्रमण ४५७ पुगेको छ ।

असार २६ गते १२१ मा सङ्क्रमण र ६७८ सक्रिय सङ्क्रमित रहेकोमा आज सक्रिय सङ्क्रमित एक हजार ७७६ पुगेका छन् ।

आइतबार साउन १ गते र सोमबार सङ्क्रमणका कारणले एक/एक सङ्क्रमितको ज्यान गएको छ । सङ्क्रमण असारदेखि उकालो लाग्न थालेको हो । असार २७ गते १६८, असार २८ गते १७७, असार २९ गते २०६ असार ३० गते २६०, असार ३१ गते २२९, असार ३२ गते २०५ र साउन १ गते १३५ मा सङ्क्रमण देखिएको छ । शून्य दशमलव पाँच प्रतिशतमा रहेको सङ्क्रमण अहिले ९.८२ प्रतिशत पुगेको छ । पाँच सयभन्दा बढी सङ्क्रमित काठमाडौं जिल्लामा रहेका छन् । शून्य सङ्क्रमित हुने जिल्ला पनि घटेर आठ मात्र पुगेको छ ।

इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा.चुमनलाल दास भारतमा सङ्क्रमण बढेसँगै नेपालमा पनि सङ्क्रमण बढेको बताउँछन् । उनले भने, 'भारतमा दैनिक सङ्क्रमण बढिरहेको छ । भारतबाट हजारौं मानिस नेपालको सीमा हुँदै प्रवेश पनि गरिरहेका छन् ।

ती सीमा नाकाबाट प्रदेश गर्नेमा दैनिक सङ्क्रमण देखिएको छ । ती मानिसले नै सङ्क्रमण सारिरहेका छन् ।'

उनका अनुसार भारतमा संक्रमण बढ्नुका साथै नेपालमा जनस्वास्थ्यका मापदण्ड लागू नगर्नाले सङ्क्रमण बढेको हो । मानिसले जनस्वास्थ्यका मापदण्ड मास्क नलगाउने, भीडभाड गर्ने, साबुन पानीले हात नधुने, भौतिक दूरी कायम नगर्ने जस्ता कारणले पनि सङ्क्रमण फैलिएको बताइन्छ ।

नेपालमा पनि अणुवाङ्शिक (जीन सिक्वेन्सिङ) अध्ययन गर्दा ओमिक्रोन भेरियन्ट 'बिएफाइभ' प्रजातिको सङ्क्रमित भेटिएको छ । उनले बिएफाइभ प्रजातिको सङ्क्रमण फैलिने उच्च दर रहेकाले अहिले सङ्क्रमित बढेको बताए । महाशाखाका निर्देशक डा.दासले सङ्क्रमित बढ्न थालेपछि अस्पताल र प्रयोगशालालाई तयारी अवस्थामा राखिएको बताए ।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका निर्देशक डा मनिषा रावल गत हप्तादेखि बिरामी उपचारका लागि आउने गरेको बताउँछन् । उनका अनुसार अस्पतालमा तेस्रो लहरपछि पहिलो पटक असारमा बिरामी उपचारका लागि आएका थिए । अहिले अस्पतालमा पाँच जनाको उपचार भइरहेको छ । तीमध्ये सघन उपचार कक्ष (आइसियु) मा एक र चारले क्याबिनमा उपचार गराइरहेका छन् ।

अस्पतालमा साउन १ गते ३८ परीक्षण गर्दा १८ मा कोरोना पोजिटिभ देखिएको थियो । उनले अहिलेका बिरामीमा ज्वरो, रुघाखोकी भए पनि गम्भीर नरहेको र अक्सिजन नचाहिएको बताए ।

**कोरोनाविरुद्धको खोपको दोस्रो मात्रा**

देशका २७ जिल्लाका पाँच वर्षदेखि १२ वर्षमुनिका बालबालिकाकालाई कोरोना भाइरसविरुद्धको खोपको दोस्रो मात्रा लगाउन शुरु गरिएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गत असार ९ गतेदेखि १५ गतेसम्म खोप लगाएका बालबालिकालाई आजदेखि दोस्रो मात्रा लगाउन थालेको हो । ती जिल्लाका बालबालिकालाई खोप लगाउनका लागि विद्यालयमा नै खोप केन्द्र स्थापना गरिएको छ । उनीहरुलाई कोरोना भाइरसविरुद्धको 'फाइजर बायोएनटेक' खोप लगाउन थालेको हो ।

दोस्रो मात्रा लगाउनका लागि पहिलो मात्रा लगाएको खोप कार्ड बोकेर जान भनिएको छ । पहिलो मात्रा २१ लाख बालबालिकालाई लगाइएको थियो । स्वास्थ्य सेवा विभागका महानिर्देशक डा दीपेन्द्ररमण सिंहले खोपको प्रभावकारिता ९१ प्रतिशत र सुरक्षित रहेकाले सबै बालबालिकालाई खोप लगाउनका आग्रह गरे । ती जिल्लामा प्रदेश नं १ को झापा, इलाम, सुनसरी र मोरङ, मधेस प्रदेशको सप्तरी, सिराहा, धनुषा, महोत्तरी र पर्सा, बागमती प्रदेशको मकवानपुर, सिन्धुली, चितवन, काभ्रेपलाञ्चोक, काठमाडौं, भक्तपुर र ललितपुर छन् ।

यस्तै गण्डकी प्रदेशको कास्की र नवलपरासी पूर्व, लुम्बिनी प्रदेशको नवलपरासी पश्चिम, रुपन्देही, दाङ, बाँके र बर्दिया, कर्णाली प्रदेशको सुर्खेत र सुदूरपश्चिम प्रदेशको कैलाली, कञ्चनपुर र डडेल्धुराका बालबालिकालाई पनि कोरोना भाइरसविरुद्धको खोप लगाइँदै छ । खोप अभियान यही साउन ८ गतेसम्म सञ्चालन हुने छन् ।

यस्तै दोस्रो चरण ५० जिल्लामा अगामी भदौ ५ देखि ११ गतेसम्म खोप लगाइने छ । सोही समूहलाई दोस्रो मात्रा भदौ २७ देखि असोज १ गतेसम्म सञ्चालन गरिने छ ।

# बालविवाह रोक्न धर्मगुरुहरूसँग अन्तर्क्रिया

**अजय मिश्र/मध्यान्ह**
कृष्णनगर, २ साउन



कृष्णनगर नगरपालिका धार्मिक गुरूहरूले बालविवाहविरुद्धको अभियानमा सामुहिक प्रतिवद्वता जनाएका छन् ।

बालविवाह निवारणमा धर्मगुरुहरूको भूमिका विषयक एक दिने अन्तरक्रिया कार्यक्रममा जिल्लाभित्रका धर्मगुरुहरुले यस्तो प्रतिवद्धता जनाएका हुन् ।

सिद्धार्थ सामाजिक विकास केन्द्रको आयोजना, युनिसेफ नेपालको सहयोग तथा कृष्णनगर नगरपालिकाको समन्वयमा कृष्णनगर नगरपालिकामा संचालित कोभिड-१९ प्रतिकार्य कार्यक्रम अन्तर्गत रूपान्तरण परियोजना अन्तर्गत अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो ।

कार्यक्रममा बालवालिकाको उमेर समूह, बाल अधिकार, बालविवाह र यसका असर तथा कानूनी सजाय लगायतका विषयमा रहेर छलफल गरिएको थियो ।

बालविवाह निवारणमा उनीहरूले खेल्न सक्ने भूमिकाका बारे कार्यक्रममा सुझाव संकलन गरिएको थियो । यस्तै, बालविवाह गर्ने/गराउने कार्यमा संलग्न नहुने र कहि कतै भए गरेको थाहा पाएमा पालिका, प्रहरी तथा सम्बन्धित निकायमा जानकारी गराउने उनीहरुले सामूहिक प्रतिबद्धता जनाएका छन् । कार्यक्रममा कृष्णनगर नगरपालिका भित्रका मौलवी, मौलाना, ज्योतिष तथा पण्डित लगायत २७ जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि कृष्णनगर नगरपालिका नगर प्रमुख रजत प्रताप शाहले धर्मगुरुहरू समाजको ऐना भएकाले बालविवाह निवारणमा विशेष भूमिका खेल्नुपर्ने बताए । २० वर्ष पछि विवाह गर्दा व्यक्ति शारीरिक तथा मानसिक रुपमा परिपक्व हुने उनको भनाइ थियो ।

कार्यक्रममा सिद्धार्थ सामाजिक विकास केन्द्रका उपाध्यक्ष त्रिलोचन घिमिरेले स्वागत मन्तव्य राखेका थिए भने केन्द्रका रोकैया खातुनले कार्यक्रममा सहजीकरण गरेका थिए । नवनिर्वाचित कृष्णनगर नगरपालिका नगर प्रमुख शाह तथा उपप्रमुख आरती देवी चौधरीलाई केन्द्रले सम्मान गरेको थियो ।

# दैलेखमा १९ बलात्कारसहित दुई सय मुद्दा दर्ता

**यामराज बिष्ट/मध्यान्ह**
दैलेख, २ साउन



जिल्ला प्रहरी कार्यालय दैलेखले आर्थिक वर्ष २०७८/०७९ मा दुई सय थान मुद्दा दर्ता भएको जनाएको छ । जसमध्ये सबैभन्दा धेरै आत्महत्या तथा आत्महत्या दुरुत्साहनका ५९ वटा रहेका छन् । यस्तै ज्यान मार्ने उद्याोगका ६, जबर जस्ती करणी १९, बहुविवाह १० र मृत अवस्थामा फेला २२ लगायतका २ सय मुद्दा दर्ता भएका हुन् । दैलेख प्रहरीले सोमबार वार्षिक सूचना सम्प्रेषण तथा सार्वजनिक सुनुवाइ गर्दै गत आर्थिक वर्षका घटनाबारे जानकारी दिएको हो ।

नारायण नगरपालिका वडा नम्बर १ स्थित गणेश मन्दिरको प्राङ्गणमा भएको कार्यक्रममा दैलेख प्रहरी प्रमुख भुवेश्वर प्रसाद साहले अपराध नियन्त्रणका लागि नागरिक आफै पनि सचेत हुनुपर्ने बताए ।

प्रहरीले मात्रै केही गर्न नसक्ने भएकाले नागरिकको साथ आवश्यक रहेको उनको भनाइ थियो । साथै उनले जनताको सुरक्षार्थ अहोरात्र खटिनका लागि आफूहरु तयार रहेको जानकारी दिए । कार्यक्रमका प्रमुख अतिथि पूर्वमन्त्री अम्मर बहादुर थापाले नागरिक समाज र प्रहरी सहकार्य गरेर अगाडि बढ्नुपर्ने बताए । शान्ति सुरक्षाका लागि स्थानीय तह र स्थानीयवासीको महत्वपूर्ण भूमिका हुने भएकाले आगामी दिनमा सहकार्य गरेर अगाडि बढ्नुपर्ने बताए । यस्तै, दैलेखका प्रमुख जिल्ला अधिकारी हरि प्याकुरेलले सामाजिक विकृति हटाउनका लागि प्रहरी र स्थानीयबीचको सम्बन्ध बलियो हुनुपर्ने बताए । आगामी दिनहरुमा अझ सशक्त ढङ्गबाट अगाडि बढ्नुपर्ने उनको भनाइ थियो ।

कार्यक्रममा सहभागीहरुले तीव्र गतिमा सवारी चलाउँदा दुर्घटना बढेको, नदीजन्य पदार्थको अवैध उत्खनन् नियन्त्रण गर्नुपर्ने, सामाजिक अपराध न्यूनीकरण, सचेतनामूलक विद्यालय सम्पर्क कार्यक्रम, प्रहरी ईकाईको स्थापना, विद्यालय लगायत सबै क्षेत्रमा हुने लागूऔषध नियन्त्रण तथा यौनजन्य हिंसा लगायतका अपराधहरुलाई नियन्त्रण गर्नुपर्ने बताएका थिए । कार्यक्रममा नारायण नगरपालिका प्रमुख लोमन शर्मा, नौमुले गाउँपालिकाका प्रमुख छवि सुवेदी, पत्रकार महासंघका अध्यक्ष यज्ञराज थापा, नागरिक समाजका प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधिहरुको सहभागिता थियो ।

**'समुदाय-प्रहरी साझेदारी'कार्यक्रम प्रभावकारी**

प्रहरीले सामुदायिक प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत दैलेखका बिभिन्न ठाँउमा जनचेताना सम्बन्धी कार्यक्रम गरेको छ । जिल्ला प्रहरी कार्यालय दैलेखले जिल्लामा 'समुदाय-प्रहरी साझेदारी' कार्यक्रम सञ्चालनगरेपछि प्रभावकारी बन्दै गएको छ । उक्त अभियान अन्तर्गत प्रहरीले विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न थालेपछि समुदायमा हुने आपराधिक घटना तथा सामाजिक विकृति नियन्त्रणमा स्थानीय नागरिक अग्रसर हुन थालेको जिल्ला प्रहरी कार्यालय दैलेख जानकारी दिएको छ ।

# सशस्त्र प्रहरीद्वारा ठूलो परिमाणमा लागूऔषध बरामद



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २ साउन

सशस्त्र प्रहरीले अवैध लागूऔषध गाँजासहित भारतीय नम्बरको स्कारपियो बेवारिसे अवस्थामा बरामद गरेको छ । आइतबार राति सशस्त्र प्रहरी सुरक्षा बेस क्याम्प फतुवा महेशपुरले गाँजासहित भारतीय नम्बरको स्कारपियो बेवारिसे अवस्थामा बरामद गरेको हो ।

राजपुर नगरपालिका वाड नं ६ राजपुर कुडिया पानी ट्यांकीस्थित आँपको बगैंचामा लुकाई छिपाई राखेको भारतीय डि एल ४ सी एन बी ६२२ ९ नबरको स्कारपियोमा अवैध लागुऔषध २०० केजी गाँजा बरामद गरेको सशस्त्र प्रहरी ११ नं गणले जानकारी दिएको छ ।

सुरक्षा बेसक्याम्प फतुहा महेशपुरबाट सशस्त्र प्रहरी निरीक्षक बिनुप श्रेष्ठको कमान्डमा खटिएको टोलीले विशेष सुराकीको अधारमा नेपालबाट लुकाई छिपाई भारततर्फ लैजाँदै गरेको उक्त परिमाणको लागुऔषध गाँजा फेला पारी बरामद गरेको हो ।

बरामद भएका गाडीसहित गाँजालाई आवश्यक कारबाहीका लागि ११ नं गण हजमिनिया दरवार कार्यालय बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ ।

सशस्त्र प्रहरीका अनुसार उक्त गाडीमा गौर नगरपालिका वडा नं ४ टिकुलिया टोलका धर्मेन्द्र सहनीको चालक अनुमतिपत्र फेला पारेको हुँदा सहनीलाई पक्राउ गर्न टोलीसमेत परिचालन गरिएको छ ।

# एक महिने शिव महापुराण प्रारम्भ

**पवन जायसवाल/मध्यान्ह**
नेपालगञ्ज, २ साउन



बाँकेको नेपालगञ्ज उपमहानगरमा एक महिने शिव महापुराण कथा प्रारम्भ भएको छ । उपमहानगरपालिका वडा नम्बर ६ फुल्टेक्रास्थित शिव पार्वती मन्दिरमा असार ३० गतेदेखि साउन ३१ गतेसम्म शिव महापुराण कथा प्रारम्भ भएको हो ।

शिव पार्वती मन्दिर व्यवस्थापन समितिका अध्यक्ष एवम् समाजसेवी माधवराम वर्माका अनुसार बिहान ८ बजेदेखि ११ बजेसम्म दैनिक कथा वाचन भई रहेको छ । साथै सम्पूर्ण श्रद्धालु भक्तजनहरुलाई महापुराण कथा श्रवण गर्नका लागि उनले आग्रह गरेका छन् ।

उपमहानगरको फुल्टेक्रा निवासी पं. शिव प्रसाद पाठकले शिव महापुराण कथा वाचन गरिरहेका छन् । मन्दिरमा हरेक वर्षको श्रावण महिनाभर शिव महापुराण हुने गरेको छ ।

# बर्थिङ सेन्टरमा स्वास्थ्यकर्मी नहुँदा स्ट्रेचरमा सुत्केरी

**मान्म/मस-** कालीकोटको नरहरिनाथ गाउँपालिका-६ माल्कोट गाउँमा बर्थिङ सेन्टरमा स्वास्थ्यकर्मी नहुँदा स्ट्रेचरमा नै गर्भवती सुत्केरी भएकी छन् ।

माल्कोट गाउँमा रहेको बर्थिङ सेन्टरमा स्वास्थ्यकर्मी नहुँदा गर्भवती २० वर्षीया वसन्ता विक स्ट्रेचरमा नै सुत्केरी भएकी हुन् ।

सोमबार बिहान ६ बजे बर्थिङ सेन्टरमा पुऱ्याए पनि गर्भवती विकको चार घण्टासम्म बर्थिङ सेन्टर बन्द हुँदा बाहिरै बस्नुपरेको र कुनै पनि कार्यालयका स्वास्थ्यकर्मी नभएका कारणले स्ट्रेचरमा नै सुत्केरी हुनुपरेको साथमै रहनुभएकी आफन्त मिमसरा विकले जानकारी दिइन् ।

'सुत्केरी व्यथा लागेपछि बिहान ६ बजे नै बर्थिङ सेन्टरमा पुऱ्याएका थियौं', उनले भनिन्, 'चार घण्टापछि स्ट्रेचरमा नै सुत्केरी हुनुभयो । त्यसपछि मात्र स्वास्थ्यकर्मी आउनुभयो ।'

गाउँपालिकाले करार कर्मचारी हटाउँदा बर्थिङ सेन्टर बन्द भएको गाउँपालिका स्वास्थ्य शाखा प्रमुख अम्मर बटालाले बताए । 'दुई जना कार्यरत स्थायी स्वास्थ्यकर्मी बिदामा हुनुहुन्छ । करार कर्मचारी हटाइएको छ', उनले भने, 'त्यस कारणले सुत्केरीले चार घण्टासम्म बाहिरै बस्नुपरेको हो ।'

तारन्तार फोन आउन थालेपछि आफूले यसभन्दा अगाडिका करार कर्मचारी (स्वास्थ्यकर्मी) शान्ति बुढालाई फोन गरेर पठाएकाले ढिलै भए पनि सुत्केरी आमाको ज्यान जोगिएको स्वास्थ्य शाखा प्रमुख बटालाको भनाइ छ । करार कर्मचारी हटाइएको बाहनामा दोष लगाउन नमिल्ने गाउँपालिका अध्यक्ष नगेन्द्र विष्टले बताए । स्वास्थ्यकर्मी प्रदेश सरकारले करारमा नियुक्त गरेको हो । नरहरिनाथ गाउँपालिकाबाट कर्णाली राजमार्गमा आइपुग्न पैदल पाँच घण्टा लाग्ने गर्दछ ।

**मलेशियामा रोजगार** | कम्पनी: SYDNEY CAKE HOUSE SDN BHD(73712-H)
शहर: MALAYSIA

पूर्व स्वीकृत मितिः २०७८/१२/११ चलानी नं.: ६०१७६५५५ LT. No.: 260158 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | RM | ने. रू. | | | | | | | |
| 1. | Factory Worker (Manufacturing Sec.) | 2 | 0 | स. काममा दक्ष | 1200 | ३४,३९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

फाइनल अन्तर्वार्ता कम्पनीको प्रतिनिधिबाट मेनपावर कार्यालय, काठमाडौंमा २०७९ साउन १० गते (26 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**वि. एस. ओभरसिज प्रा. लि.**
B.S. OVERSEAS PVT. LTD.
श्रम इजाजत नं. ५४०/०६१/०६२
पो.ब.नं.: १५१४२, सामखुसी - ३, काठमाडौं, नेपाल
फोन नं.: ४३६३३५८, ४३६४४१०, ४३८७४०२
E-mail: info@bsoverseasnepal.com, bsoverseasnepal1@gmail.com
website: www.bsoverseasnepal.com
ISO 9001 : 2015 CERTIFIED
Regd No : 19313/A/001/En
स्थापनाकालको सबैभन्दा छोटो समयमा नै ISO 9001:2015 प्राप्त गर्न सफल कम्पनी

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०७८/०१/०४ मा दर्ता भएको **प्रा.लि. नं. २६३३२१**को **साई कृपा डेन्टल क्लिनिक प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०४/०१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वाणगंगा कृषि तथा पशु विकास प्रा.लि.को हकदावी गर्न आउने बारे ३५ दिने सूचना**
कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता भएको **वाणगंगा कृषि तथा पशु विकास प्रा.लि. दर्ता नं. १५११७८** को मिति २०७९/०४/०१ गते बसेको विशेष बैठकले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय का.जि. बुढानिलकण्ठ न.पा. वडा नं. ९ सुकेधारामा सम्पर्क गर्नु हुन अनुरोध छ । अन्यथा तोकिएको म्यादभित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेजीको प्रकृया अगाडी बढाई दर्ता खारेज गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।
**लिक्विडेटरः सन्तोष गुप्ता, इजाजतपत्र नं. ५०४, फोन : ९८४१२९१५५५**
E-mail: mangalmurtilawfirm.ktm2002@gmail.com

**कोहलपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कोहलपुर, बाँके**
**लुम्बिनी प्रदेश, नेपाल**

**विज्ञापन कर सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

**सूचना प्रकाशन मिति :- २०७९/०४/०३**

यस कोहलपुर नगरपालिकाबाट असुल गरी आएको विज्ञापन कर विभिन्न दर रेटमा संकलन गर्न तोकिएको शर्तहरुको अधिनमा रहने गरी आ.व. २०७९/०८० देखि आ.ब. २०८१/०८२ तीन वर्ष सम्मका लागि प्रतिस्पर्धाबाट अधिकतम् रकम कबोल गर्ने फर्मलाई ठेक्कामा दिनु पर्ने भएकोले सम्बन्धित निकायमा दर्ता भएका ठेक्का लिन ईच्छुक व्यवसायी वा फर्महरुका लागि यो १५ दिने सूचना प्रकाशित गरिएको छ । विस्तृत सूचना यस कार्यालयको वेबसाईट https://www.kohalpurmun.gov.np/ वा सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणालीको वेबसाइट www.bolpatra.gov.np/egp मा हेर्न सकिने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com
३ साउन २०७९, मंगलबार
19 July 2022, Tuesday

सम्पादकीय

## बढ्दो गैरजिम्मेवार प्रवृत्ति

नेपाल प्रहरीमा देखिने गरेको समस्याले यसपटक पनि निरन्तरता पाएको छ । एआईजी विश्वराज पोखरेलले पदबाट राजीनामा दिनुको कारण सरकारको निर्णयप्रति असन्तुष्टि हो । उनी प्रहरी प्रमुख बन्ने दौडमा थिए । तर सरकारले धिरजप्रताप सिंहलाई महानिरीक्षक नियुक्त गर्ने निर्णय गर्‍यो । सरकारको निर्णयप्रति असहमति जनाउँदै पोखरेलले सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । तर सर्वोच्च अदालतले पोखरेलको पक्षमा आदेश दिएन । अदालतको आदेश पनि आफ्नो पक्षमा नभएपछि सोमबार नेपाल प्रहरीको मानव स्रोत विभागमा गएर पोखरेलले राजीनामा दिएका छन् । तर सोमबार अबेरसम्म पोखरेलको राजीनामा स्वीकृत भएको छैन । राजीनामा स्वीकृत नभएसम्म पोखरेल एआईजी नै रहेछन् । उनी दायित्वमुक्त हुनेछैनन् ।

कानूनी र प्राविधिक रूपमा नेपाल प्रहरीको उच्च पदको दायित्वमा रहेपनि पोखरेलले राजीनामा पत्र बुझाएकाले उनीबाट प्रहरीमा योगदान भने हुनेछैन । एआईजी तहका अधिकारीले समय अगाडि नै राजीनामा दिनुको असर भने समष्टिमा राज्यमाथि पर्नेछ । किनकि त्यो तहको अधिकारी निर्माणमा राज्यको ठूलो लगानी भएको छ । सँगै, राज्यले पनि उनीबाट सहयोग लिएको छ । तर समय अवधि बाँकी रहँदै राजीनामा दिएर दायित्वबाट अलग हुने पोखरेल पहिलो अधिकारी भने होइनन् । नेतृत्वको दौडमा रहेका मध्ये एक जनाको पक्षमा निर्णय हुने र आकांक्षीले राजीनामा दिने प्रवृत्ति बढेर गएको छ । पोखरेलले तिनै प्रवृत्तिलाई निरन्तरता दिएका छन् । जबकी यसअघि सरकारले कार्यसम्पादन मूल्याकंनलाई आधार मानेको भनेरै पोखरेललाई बढुवा गरेका थिए । त्यसबेला उनी अरू अधिकी भन्दा अघिल्लो वरियतामा परे, तर मुख्य नेतृत्वमा पुग्नेबेला भने सरकारले अर्कै जनालाई बरियतामा राख्यो ।

सरकारको निर्णयप्रति असन्तुष्टि जनाउनु पाउने संवैधानिक अधिकार छ । त्यसका निम्ति न्यायालय जान पाउने अधिकार पनि संविधानले दिएको छ, त्यसैअनुसार पोखरेलले रिट दायर गरे । तर आदेश आफ्नो पक्षमा नआएकै कारणले राजीनामा दिनु भने राज्यप्रतिको गैरजिम्मेवारपन हो । पक्कै पनि प्रहरीमा राजनीतिक प्रभाव निकै पुरानो हो । राजनीति हुनै नहुने प्रहरीमा हुने गरेको राजनीतिको असर भने मुलुकले खेप्दै आएको छ । ठूलो लगानी गरेर त्यो तहसम्मको क्षमता र सीप विकास गरेपछि समय अवधि बाँकी रहँदै राजीनामा दिने प्रवृत्ति मुलुकका निम्ति डरलाग्दो रोग बन्दै गएको छ । प्रहरीसँगै अन्य सरकारी क्षेत्रमा पनि यस्तो समस्या देखिएको छ । यस्तो प्रवृत्ति रोक्ने भनेको फेरि पनि सरकारले निष्पक्ष मूल्यांकन गर्ने प्रणालीको विकास र नागरिकको राज्य दायित्वबोध नै हो ।

# बलात्कारका घटना र असंवेदनशील राज्य

*बलात्कारका घटनामा पीडकलाई उम्काउने विभिन्न प्रपञ्चहरु रचिने क्रम निरन्तर छ । बलात्कारमा हद म्यादलगायतका बाहानामा पीडक जोगाउने खेलमा उच्च तह नै लाग्ने गरेको पाइन्छ । सरकार कठोर नबनेसम्म यस किसिमका घटनामा कमी आउने छाँट छैन ।*

अग्रलेख



● गोविन्द विक

बलात्कारजन्य हिंसाका पीडित बालिका तथा महिलाहरु राज्यद्वारा नै उपेक्षामा पर्ने गरेका छन् । राज्यका संयन्त्रहरुको कमजोरीले बलात्कारी कानूनबाट उम्कीरहेका छन् । तिब्ररूपमा बढिरहेको बलात्कारका घटनाप्रति राज्य कहिलेसम्म बेखबर बनिरहने ? राज्यको यो अनदेखापनले बलात्कारीहरुको मनोबल उच्च हुँदै गएको राज्यलाई पत्तै छैन । बलात्कारजन्य हिंसाका विरुद्धमा उजुरी गरे पनि राज्यले नै उनीहरुलाई उपेक्षा गर्छ । दोषीलाई कारबाही गर्न आनाकानी गरिरहन्छ । सौन्दर्य प्रतियोगिताका नाममा एक बालिकामाथि भएको बलात्कारको घटनाले आरोपित मोडल ग्लोब भिसाज कन्सलटेन्सीका सञ्चालक मनोज पाण्डेलाई कानुनी कारबाहीको दायरामा ल्याउनु पर्छ भन्ने आवाजले सामाजिक सञ्जाल भरिए घटनाको सत्यतथ्य बाहिर ल्याएर पीडितलाई न्याय दिलाउन संसदमा बहस चल्यो । आरोपित व्यक्तिका विरुद्धमा एक पछि अर्को यौन दुर्व्यवहारका घटनाहरु बाहिर आए । बालिकामाथि हुने गरेका यौनजन्य हिंसाका घटनाले सामाजिक सञ्जालदेखि सञ्चारमाध्यमका पानाहरु भरिने गरेका छन् । गाउँदेखि शहरसम्म बलात्कारका घटना छरपष्ट छँदैछन् । बाल संरक्षणको क्षेत्रमा काम गर्ने केही एनजीओ आइएनजीओहरु बालत्कारजन्य हिंसाका विरुद्धमा सरकारलाई खबरदारी गरे तापनि उनीहरुले गरेका काम नतिजामुखी छैनन् । बालिकामाथि हुने बलात्कारजन्य हिंसाका घटना भइरहेको स्थानीय सरकार पत्तै पाउँदैन भने प्रदेश सरकार सधैं बेखबर देखिन्छ । संघीय सरकारको लागि बलात्कारजन्य हिंसाका विषय प्राथमिकतामा नै परेका छैनन् । बलात्कारजन्य घटनामा सरकारले पत्ता पाइहाल्यो भने पनि पीडितलाई न्याय दिनुभन्दा पनि पीडकको संरक्षणमा ध्यान जान्छ । बलात्कारको कसुरमा दोषी ठहरिएकाहरु पनि सजाय भूक्तानबाट उम्कीएका थुप्रै नजिरहरु हामीबाट छिपेका छैनन् । बाल संरक्षणको सवाल सधैं संघसंसस्थाले मात्र बोकेर हिँडोस् भन्ने मानसिकता राज्यस्तरका व्यक्तिहरुमा हाबी हुँदै गएको हुनाले आज बालिकाहरु बलात्कारको पासोमा परिरहेका छन् । बलात्कार गरी हत्या गरिएकी निर्मला पन्तको आत्माले अझै न्याय खोजिरहेको छ । रूपन्देहीकी अंगिरा पासीको बलात्कार पछि हत्या भयो पीडकलाई नै संरक्षण गरियो । बलात्कारका घटनामा पीडकलाई उम्काउने विभिन्न प्रपञ्चहरु रचिने क्रम निरन्तर छ । बलात्कारमा हद म्यादलगायतका बाहानामा पीडक जोगाउने खेलमा उच्च तह नै लाग्ने गरेको पाइन्छ । बलात्कारका घटनामा सरकार कठोर नबनेसम्म यस किसिमका घटनामा कमी आउने छाँट छैन ।



बालसंरक्षणको सवालमा राज्यतहमा रहेका अधिकार प्राप्त निकायले प्रभावकारी काम गर्न नसकेको हुनाले नै दिनानुदिन महिला बालिकामाथि हिंसा बढीरहेको छ । महिला, बालिका तथा किशोरीहरुमाथि हुने गरेका बलात्कार तथा यौनजन्य हिंसाका घटनाले समाजमा निरन्तरता पाउनु निकै राज्यका लागि थप चुनौति बन्दै गइरहेको छ । पितृसतात्मक समाजसँग समान हैसियतका लागि संघर्ष गरिरहेको महिला वर्गमाथि निरन्तररूपमा हिंसाजन्य व्यवहार गर्नेहरुको भिड बढ्दै जानु निकै दुःखद कुरा हो । महिला तथा बालिकामाथि हुने गरेका बलात्कार तथा यौन हिंसाका घटना घट्नु समाजमा कुनै नौलो विषय हैन । राज्यका जिम्मेवार पदमा रहने व्यक्तिहरुबाट नै महिला तथा बालिकाहरुमाथि हुने गरेका यौनजन्य हिंसाहरुले प्रशय पाउने किसिमका अभिव्यक्तिहरु आउने गरेका उदाहरणबाट हामी टाढा छैनौ । राज्यका उच्च तहमा आसिनहरुबाट नै बलात्कारका दोषीहरु जोगाउने गरेका विषय पनि कुनै नौला हैनन् । बालिका बलात्कारका घटनामा राज्य संवेदनशील भएको हुन्थ्यो भने निर्मला पन्तहरुले अहिलेसम्म न्याय पाइसक्थे । बलात्कार गरी हत्या गरिएका निर्मला पन्तहरु अझै न्यायको पर्खाइमा छन् । बालिका तथा महिलामाथि हुने गरेका बलात्कारका घटनाहरु हिजो पनि थिए आज पनि छन् र भोली पनि रहिरहने कुरामा कुनै दुविधा नै छैन ।

*राज्यले महिलामाथि हुने गरेका हिंसाका घटनामा सबै तहमा आवश्यक संयन्त्र निर्माण गरी काम गर्नु पर्दछ । स्थानीय तह, प्रदेश र संघीय तह तिनै तहका सरकारहरुले महिलामाथि हुने कुनै पनि किसिमको हिंसालाई संवेदनशीलरूपमा लिने अभ्यासको थालनी गर्नु तत्काल आवश्यक छ । सामाजिक न्यायको प्रत्याभूत गराउने मुख्य जिम्मेवारी राज्यको हो ।*

कानुनमा भएको हदम्यादको तगारो देखाएर बलात्कार पीडितहरुमाथि राज्यले गम्भीर अन्याय गर्न आज पनि खोजिरहेको छ । नेपाल प्रहरीको तथ्यांकअनुसार आर्थिक वर्ष २०७७/७८ मा बलात्कारविरुद्ध २ हजार ५ सय ३४ वटा उजुरी परे । बलात्कार सम्बन्धीका दैनिक ७ उजुरी दर्ता हुने तथ्य प्रहरीको छ भने दर्ता नै नभएका बलात्कार तथा यौन दुर्व्यवहारका घटना कति होलान् ? बलात्कारका पीडितमध्ये ११.९८ प्रतिशत १० वर्षमुनीका रहेको अध्ययनले बताउँछ । तथ्यगतरूपमा हेर्दा पनि महिला तथा बालिकामाथि हुने गरेका बलात्कार एवम् यौनजन्य घटनाहरु बढ्दो अवस्था रहेका छन् ।

पितृसत्तात्मक समाजले महिला तथा छोरीहरुलाई आफूमाथि हुनेगरेका हिंसा तथा बलात्कारीका विरुद्धमा बुलन्द आवाज उठाउन कहिल्यै सिकाएन बरु समाजमा इज्जत र प्रतिष्ठाको भूत देखाएर जहिलै यौनजन्य घटना लुकाउन बल गरिरह्यो । छोरीको इज्जत पानीको फोका हो फुटेपछि सकियो भन्ने भ्रम छोरीहरुको दिमागमा छर्ने काम निरन्तर थियो र छ ।

बालिकाहरुले आफूमाथि भएको यौनजन्य ज्यादतीका विरुद्धमा बोल्ने हिम्मत गर्नु शाहसिक कदम मात्रै नभएर पितृसत्ताका विरुद्धमा उर्लेको एक आक्रोशको भेला पनि हो । एकपछि अर्को बलात्कारका घटना बाहिर ल्याउने हिम्मत आज छोरीहरुमा हुनु महिलाहरुमा बढ्दै गएको आँट र क्षमताको प्रतिविम्ब पनि हो । स्वतः स्फूर्तरूपमा आफूमाथि हुने गरेका हिंसाजन्य घटनाका विरुद्धमा उठदै गरेको आवाजलाई राज्यले उचित निरूपणका लागि संवेदनशील हुनु आवश्यक छ । राज्यले महिला तथा छोरीहरुमाथि निरन्तर बढिरहेको हिंसाजन्य घटनाहरुमा कानुनी छिद्र देखाएर पन्छीन मिल्दैन । समाजमा इज्जत जान्छ भन्ने भ्रमको भेलभित्र रुमालिएका महिला तथा छोरीहरुलाई हिंसाका विरुद्धमा डटेर अगाडी आउने हिम्मत बटुल्नका नीम्ति आँट दिने जिम्मेवारी राज्य, नागरिक समाज, सामाजिक अभियान्ता, राजनैतिक दल, मानवअधिकारकर्मी, महिला अधिकारकर्मी सबैको हो भन्ने कुरा बुझ्न जरुरी छ । महिलाको सौन्दर्यतालाई बिक्रय वस्तुको रूपमा चित्रण गर्नेहरुबाट महिला तथा छोरीहरु निकै सजग हुन जरुरी छ ।

कुनैपनि बाहानामा राज्यले बलात्कारका पीडकलाई उन्मुक्ती दिनु हुन्न भन्ने संगठित आवाज उठाउनु आजको अवश्यकता बन्दैछ । आधा आकाश ढाकेको महिलाहरुको सम्मान र संरक्षणमा राज्य जति संवेदनशील हुन्छ त्यति नै महिलामैत्री राज्यको अनुभव गर्न सकिनेमा कुनै दुई मत नै छैन । महिला तथा छोरीहरुमाथि हुने गरेका बलात्कार यौनजन्य हिंसामा राज्य बेखबर झैं देखिने प्रवृत्तिको अन्त्य तत्काल हुन आवश्यक छ ।

राज्यले महिलामाथि हुने गरेका हिंसाका घटनामा सबै तहमा आवश्यक संयन्त्र निर्माण गरी काम गर्नु पर्दछ । स्थानीय तह, प्रदेश र संघीय तह तिनै तहका सरकारहरुले महिलामाथि हुने कुनै पनि किसिमको हिंसालाई संवेदनशीलरूपमा लिने अभ्यासको थालनी गर्नु तत्काल आवश्यक छ । सामाजिक न्यायको प्रत्याभूत गराउने मुख्य जिम्मेवारी राज्यको हो । छोरीहरुलाई समाजमा हामी सुरक्षित छौं भन्ने कुराको प्रत्याभूत गराउने जिम्मेवारी राज्यको हो । हरेक स्थानीय तहमा बालबालिकाहरुको सवालमा काम गर्ने जिम्मेवार निकायको व्यवस्था छ । स्थानीय तहमा बालसंरक्षण सवालमा काम गर्ने संयन्त्रले प्रभावकारी काम गर्ने हो भने पनि बालिकामाथि हुने गरेका हिंसाजन्य घटनामा कमी आउन थप मद्दत पुग्ने देखिन्छ । बलात्कारका घटनामा स्थानीय राजनैतिक दलहरुको पनि सरोकारको विषय बन्नु र बनाउनु पर्दछ । स्थानीय तहमा रहेका राजनैतिक दलहरुले आफ्नो स्थानमा रहेका बाल संरक्षणको सवालमा संवेदनशील बन्ने र सामाजिक सचेतिकरण अभियान चलाउनुका साथै बालिकाहरुलाई प्रतिकार्य अभियानमा सहजीकरण गर्नुपर्दछ । राजनैतिक दलसँग आस्था राखेकै भरमा पीडकलाई उम्काउने धाउन्नमा लाग्नेहरुलाई दलभित्रैबाट बहिस्कार गर्ने नीति अपनाउनु पर्दछ । कुनै पनि दलको खोल ओढेर सामाजिक कुरिती फैलाउन अग्रसर हुने जो कोहीलाई पनि राजनीतिक दलले दलभित्र नै सजायको व्यवस्था गर्ने अभ्यासको सुरुवात गर्नु पर्दछ । स्थानीय तहमा रहेका सबै सरोकारवाला निकायले बाल संरक्षणको सवालमा गम्भीर भई बालिकामाथि हुने गरेका बलात्कारजन्य हिंसाका विरुद्धमा एकजुट भएर सामाजिक अभियान चलाउन निकै ढिला भइसकेको छ ।

## सामाजिक सञ्जाल



**- सुर्यराज आचार्य**

नेपालको आन्तरिक राजनीतिमा छिमेकी भारतले जति खटन-पटन गर्छ त्यति त त्यहाँको केन्द्र सरकारले आफ्नै प्रान्तको आन्तरिक राजनीतिमा पनि गर्न सक्दैन । तर यसको दोष छिमेकी मित्र भारतलाई हैन, हाम्रै दास मनोवृत्तिका नेताहरूलाई जान्छ । अलिकति सकस पर्‍यो कि उतै 'गिड्गिडाउन' पुग्छन् ।



**- कौशिक सापकोटा**

भारतीय राजदूत नेपाल आउँदा शितल निवासदेखि बालुवाटारसम्म २४ घण्टा सातै दिन खुल्ला हुने, जति बेला भन्यो त्यति बेला प्रमदेखि मन्त्रीसम्म जाबो एउटा सचीव सरह को पद (राजदूत)लाई भेट्न तछाड मछाड गर्नेहरूको हैसियत के रैछ मोदी ले प्रचण्डमार्फत दिएका छन् ।



**- मानवी पौडेल**

भारतबाट सुब्बा तहको कर्मचारी आउँदा हाम्रा राष्ट्रपतिदेखि प्रधानमन्त्रीले सिधै भेट दिन्छन् । भारतका प्रम मोदीले नेपालका पूर्वप्रधानमन्त्रीले भेट्न समय माग्दा नी भेट त के फोन वार्तासमेत गरेनछन् । अब त आफ्नो असली हैसियत प्रमाणित भयो होला नि छविलाल जी ?



**- डम्मर खतिवडा**

नेपाल-भारत सम्बन्धमा उल्लेखनीय मधुरता आउँन त्यहाँ केजरीवाल नै आउन पर्ने देखियो । दिल्ली, पञ्जाबपछि हिमाञ्चल, गुजरात र मध्यप्रदेशमा आप राम्रो फैलिदैछ । २०२४ मा उनी गैरभाजपा गठबन्धनको प्रम हुन सक्ने सम्भावना बढेको छ । नत्र यी गोल्वालकरवादीहरूको षड्यन्त्र, कच्चा डिजाइनले हैरान बनाउने भो ।



**- प्रेम घर्ती मगर**

शहरमा भुक्किएर कुहिनोले छोएको निहुँमा वितण्डा मच्चाउने नक्कली 'सर्भाइभर'हरूले मिडियामा स्पेस पाउँछन् । उनीहरूको न्यायका लागि माइतीघरमा नारा लाग्छ । बालुवाटार घेराउ हुन्छ । तर, दूरदराजमा बलात्कृत महिलाहरू न्यायको ढोकासम्म पनि पुग्न सक्दैनन् । न सञ्चारमाध्यमसम्म उनीहरूको पहुँच हुन्छ ।

# जैविक विविधता, संस्कृति र भाषाहरू

विचार



● भीर सिंह

